पोखरा महानगरपालिका, कास्की (Pokhara Metropolitan City, Kaski)

कक्षा : आठ                    समय : २:०० घण्टा                    पूर्णाङ्क : ५०

विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

---

## समूह 'क'

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :                    ९×१=९

१. संघीयताका कुनै दुई फाइदा लेख्नुहोस् ।

२. विविधतामा एकता भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

३. अन्तर्राष्ट्रिय व्यक्तित्वको योगदानबाट प्रेरित भई तपाईंले आफ्नो जीवनमा अभ्यास गर्नुभएको एक सकारात्मक व्यवहार लेख्नुहोस् ।

४. सकारात्मक विभेद भनेको के हो? एक वाक्यमा उत्तर दिनुहोस् ।

५. तपाईंको कक्षाकोठामा हुने द्वन्द्व समाधान गर्न तपाईंले गर्ने कुनै एक कार्य लेख्नुहोस् ।

६. तपाईंको स्थानीय तहमा हुने आर्थिक भ्रष्टाचार नियन्त्रण गर्न स्थानीय तहको प्रमुखलाई तपाईंले दिने सुझावलाई एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।

७. वित्तीय संस्थाको काम के हो ? एक वाक्यमा लेख्नुहोस् ।

८. वैदेशिक रोजगारीबाट प्राप्त रकमको प्रभावकारी उपयोग गर्ने एक उपाय लेख्नुहोस् ।

९. नेपालमा भएको जेन जी आन्दोलन पछि परेको कुनै एक राजनैतिक प्रभाव लेख्नुहोस् ।

## समूह 'ख'

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :                    ७×३=२१

१०. तपाईंको स्थानीय क्षेत्रमा विद्यमान ऊर्जा संकटको समस्या समाधान गर्नका लागि तपाईंको समुदायका मानिसले अपनाउन सक्ने कुनै तीन प्रभावकारी उपायहरू लेख्नुहोस् ।

११. न्याय, शान्ति र अहिंसाको पालना गरी आदर्श समाज निर्माणमा तपाईंको विद्यालयले के गर्नुपर्ला , तीन बुँदामा सुझाव दिनुहोस् ।

१२. असल साथीको संगतबाट हुने तीनवटा फाइदाहरू लेख्नुहोस् ।

१३. प्राचीन ग्रीक र रोमन सभ्यताले हालको विश्वमा पारेका कुनै तीन प्रभावलाई बुँदागत रुपमा लेख्नुहोस् ।

१४. नेपालमा हुने विपत घटनाको जोखिम न्यूनीकरण गर्ने कुनै तीन तरिकाहरू लेख्नुहोस् ।

१५. बसाईसराइले सहरी क्षेत्रमा परेको प्रभावलाई तीन बुँदा प्रस्ट पार्नुहोस् ।

१६. साइवर अपराधबाट बच्नका लागि तपाईंले अवलम्बन गर्नुभएको कुनै तीन सावधानीहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

**समूह 'ग'**

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : ४×५ २०

१७. नेपालको लोकतान्त्रिक गणतन्त्रलाई थप मजबुत बनाउन नागरिकको भूमिका कस्तो रहनुपर्ला ? तपाईंको राय ५ बुँदामा लेख्नुहोस् ।

१८. हाम्रा वीर सहिदहरूको योगदानलाई पाँच बुँदामा लेख्नुहोस् ।

१९. पर्यटन उद्योग भनेको के हो ? पर्यटन उद्योगका चारवटा महत्त्व लेख्नुहोस्।

२०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई तलका तथ्यहरूलाई उपयुक्त संकेत प्रयोग गरी भर्नुहोस् ।

गोरखा दरबार र पाताले छाँगो

**समाप्त**